धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

**नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड कोष प्रवर्द्धक तथा**

**एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड योजना व्यवस्थापक रहेको**

NIBL MUTUAL FUND

# एनआईबिएल म्युचुअल फण्ड

**अन्तर्गत सञ्चालित हुने**

## एनआईबिएल प्रगति फण्ड (NIBL Pragati Fund)

को

# इकाईको सार्वजनिक निष्कासन तथा बिक्री खुल्ला बारेको सूचना !!!

एनआईबिएल प्रगति फण्ड (NIBL Pragati Fund) को प्रति इकाई मूल्य रु.१०/- दरको ६,००,००,००० (छ करोड) इकाई मध्ये बीज पूँजी बापत १०,००,००० (दश लाख) इकाई योजना ब्यबस्थापक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा न्यूनतम ८०,००,००० (असी लाख) इकाई कोष प्रवर्द्धक नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको लागि सुरक्षित गरि बाँकी न्यूनतम ५,१०,००,००० (पाँच करोड दश लाख) इकाई **आज मिति २०७३ मंसिर १६ गते बिहीबार**देखि सर्वसाधारणमा निष्कासन तथा बिक्री खुल्ला गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागी अनुरोध गर्दछौं । यस इकाई निष्कासन प्रयोजनका लागी देहायको संकलन केन्द्रहरुमा रकम सहित दरखास्त फाराम बुझाउन सकिने व्यवस्था गरिएको छ ।

**दरखास्त फाराम प्राप्त गर्न र दरखास्त साथ रकम बुझाउन सकिने स्थानहरू :**

| क्र.सं. | संकलन केन्द्रको नाम, ठेगाना | सम्पर्क व्यक्ति | फोन नं. |
|---|---|---|---|
| १. | एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं । | बद्रि प्रसाद प्याकुरेल | ४००५०८० |
| २. | नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड दरबारमार्ग, काठमाडौं तथा शाखा कार्यालयहरु<br>**उपत्यका भित्र**: न्यूरोड, पुतलीसडक, ठमेल, कालिमाटी, बत्तिसपुतली, गोंगबु, बौद्ध, त्रिपुरेश्वर, भोटाहिटी, नयाँबानेश्वर, धुम्बाराही, लाजिम्पाट, महाराजगञ्ज, पुल्चोक, लगनखेल र सिपाडोल ।<br>**उपत्यका बाहिर**: पर्साको बीरगञ्ज, रुपन्देहीको वुटवल र भैरहवा, बाराको जितपुर, काभ्रेको बनेपा, कास्की पोखराको चिप्लेढुङ्गा र लेकसाईड, मोरङ्गको बिराटनगर, सुनसरीको इटहरि, बिर्तामोडको मुक्तिचोक, चितवनको नारायणगढ, पर्साबजार, पटिहानी, धनुषाको जनकपुरधाम, बाँकेको नेपालगञ्ज, धनगढीको धनगढीबजार, सुर्खेतको सुर्खेतबजार, जुम्लाको खलंगा, मकवानपुरको हेटौंडा, पाल्पाको तानसेन, लुक्लाको चौरीखर्क, दाङ्गको तुलसीपुर, कपिलबस्तुको कृष्णनगर, उदयपुरको गाईघाट, सर्लाहीको लालबन्दी र बरथहवा, तनहुँको दमौली, स्याङजाको वालिङ्ग, रामेछापको मन्थली र रसुवाको टिमुरे । | | |

यस सार्वजनिक निष्कासनका क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुवाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा इकाईको निष्कासन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी (A/C Payee) ड्राफ्टसाथ इकाईको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी पठाएका निवेदनहरुलाई मात्र बाँडफाँटमा समावेश गर्ने व्यवस्था रहेको छ । इकाई बिक्री बन्द भएको १५ दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारामलाई बाँडफाँटमा समावेश गरिने छैन ।

**निष्काशन बन्द हुने मिति (छिटोमा) २०७३/८/२० गते बैकिङ्ग समय पश्चात्**

**निष्काशन बन्द हुने मिति (ढिलोमा) २०७३/८/३० गते बैकिङ्ग समय पश्चात**

**काठमाडौं उपत्यकाभित्र रहेका संकलन केन्द्रहरु मार्फत दरखास्त फाराम बुझाउने आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता (Demat Account No.) दरखास्त फाराममा उल्लेख गर्नुपर्नेछ । हितग्राही खाता उल्लेख नगरेको वा सही हितग्राही खाता (Demat Account No.) उल्लेख नगरेको दरखास्त फारामलाई बाँडफाँटमा समावेश गरिने छैन ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि "**मिति २०७३ मंसिर ९ गतेको कारोबार**" दैनिकमा प्रकाशित आव्हान-पत्र हेर्नुहुन अनुरोध गर्दछौं ।

**नोटः**

१. नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडमा खाता रहेको र सोही खाता नं. दरखास्त फाराममा उल्लेख गरी आवेदन दिने लगानीकर्ताहरूको रकम फिर्ता भुक्तानी गर्दा सोही खातामा रकमान्तरण गरिने छ ।

२. हितग्राही खाता (Demat Account) आवेदन फाराममा उल्लेख गरि दरखास्त दिने आवेदकहरूको हकमा शेयर बाँडफाँट पश्चात बाँडफाँटमा परेको शेयर सोही खातामा जम्मा गरिने भएकोले आफ्नो हितग्राही खाता (Demat Account) दरखास्त फाराममा स्पष्ट रूपमा उल्लेख गर्नुहुन अनुरोध गरिन्छ ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**


NIBL CAPITAL

**एनआईबिएल क्यापिटल मार्केट्स लि.**

(A Subsidiary of Nepal Investment Bank Limited)

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४००५०८०, फ्याक्सः ४००५०८४

Email: info@niblcapital.com Website: www.niblcapital.com